सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक ९६ ♦ २०८२ साल मंसीर २४ बुधवार ♦ 10 Dec 2025 ♦ पृष्ठ ४ ♦ मूल्य रु. ५ ♦ www.shirishnews.com

## नाबालिक बलात्कार मुद्दामा एमाले नेता पक्राउ



**खबर दर्पण समाचारदाता**
**मंसीर २३ गते, बर्दिवास**

नाबालिकलाई जबरजस्ती करणी गरेको मुद्दामा एमाले नेता शिवशंकर साह हिरा पक्राउ परेका छन् । मंगलबार साँझ भारतको सीतामढीबाट एमाले नेता हिरालाई पक्राउ गरेर धनुषा प्रहरीलाई जीमा लगाइएको छ ।

विवाहपञ्चमीलगत्तै जनकपुर धामको एक होटलमा बालिकालाई उनीसहित चार जनाले जबरजस्ती गरेको आरोप छ । सोही मुद्दामा हिर ाका भाइ मनोज साह केही दिनअघि काठमाडौंबाट पक्राउ परेका थिए ।

हिरा एमालेबाट २०७९ सालको जनकपुरधाम नगर प्रमुखको उम्मेदवार थिए । उनी प्रदेश उद्योग वाणिज्य संघ मधेशका पूर्वअध्यक्षसमेत छन् । यीबाहेक यही मुद्दामा फलसोम क्याफेका म्यानेजर अमित ठाकुर र बालिकाका मामा समेत पक्राउ परेका छन् ।

बालिका अहिले सेफ हाउसमा बसिरहेका छन् । उनले दिएको जाहेरीको आधारमा थप अनुसन्धान भइरहेको छ ।

साहलाई भारतबाट नेपालतर्फ आउँदै गरेको अवस्थामा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता एवं डीएसपी गणेश बमले जानकारी दिए । बलात्कार सम्बन्धी उजुरीमाथि अनुसन्धान गर्न उनलाई नियन्त्रणमा लिइएको डीएसपी बमले बताए।

## उखुको मूल्य निर्धारणमा चित्त बुझाउँदै किसान

**खबर दर्पण समाचारदाता**
**मंसीर २३ गते, बर्दिवास**

सरकारले सोमबार उखुको मूल्य र अनुदान रकम निर्धारण गरेको छ। तर महोत्तरीका उखु किसानले भने सरकारले आफूहरूको मागअनुसार मूल्य नतोके पनि गत वर्षभन्दा केही बढाएको उल्लेख गर्दै चित्त बुझाएका छन् ।

“हाम्रो त खेतीमा बढ्दो लागत र आम उपभोग्य वस्तुमा भएको मूल्यवृद्धि हेरेर प्रतिक्विन्टल ७५० पाउनुपर्छ भन्ने थियो । तर सरकारले मूल्य र अनुदान निर्धारणमा ६९० रुपियाँ मात्रै निर्धारण गरिदियो”, उखु

*बाँकी पृष्ठ २ मा*



## मधेशमा महिला हिंसा बढ्दै, १४१ घटना दर्ता

**खबर दर्पण समाचारदाता**
**मंसीर २३ गते, बर्दिवास**

मधेश प्रदेशमा महिलामाथि हुने विभिन्न खालका हिंसाका घटना वृद्धि भएको तथ्याङ्क सार्वजनिक भएको छ ।

मङ्गलबार महिला पुनर्स्थापना केन्द्र मधेश प्रदेशले सार्वजनिक गरेको तथ्याङ्कअनुसार पछिल्ला छ महिनामा प्रदेशभर १४१ वटा महिलामाथि हुने हिंसाका घटना अभिलेखीकरण भएका छन् ।

तीमध्ये घरेलु हिंसा ८४, सामाजिक हिंसा २४, यौन हिंसा २० र अन्य १३ घटना रहेको तथ्याङ्कमा उल्लेख छ। तथ्याङ्कअनुसार गत चैतदेखि भदौसम्म मधेश प्रदेशका आठ जिल्लामध्ये पर्सा बाहेक धनुषा, महोत्तरी, सर्लाही, बारा, रौतहट, सिराहा र सप्तरीमा भएका महिला हिंसाका घटनाहरू संस्थामा प्रत्यक्ष दर्ता भएका उजुरी तथा पत्रपत्रिकामा प्रकाशित समाचार सामग्री संकलन गरी तयार पारिएको प्रतिवेदनमार्फत सार्वजनिक गरिएको हो ।

तत्थ्याङ्क अनुसार सबैभन्दा धेरै ८४ वटा घरेलु हिंसा, २४ सामाजिक हिंसा, २० यौन हिंसा, र १३ अन्य प्रकारका हिंसा दर्ता भएका छन् ।

घरेलु हिंसाका घटना अन्य सबै प्रकारको हिंसाभन्दा निकै माथि देखिएका छन् ।सार्वजनिक प्रतिवेदनले घरेलु हिंसाका घटनाहरू विश्लेषण गर्दा कम दाइजो नै निरन्तर दोहोरिने मुख्य कारण रहेको देखाएको छ ।

पछिल्लो छ महिनामा मात्र आठ वटा घटना दाइजोकै कारण प्रत्यक्ष रूपमा भएको पुष्टि भएको तर, बाँकी अधिकांश घटनाको जरो कारण पनि दाइजो नपुगेको वा थप दाइजो माग गरिएको देखिएको महिला पुनर्स्थापना केन्द्र मधेश प्रदेशकी संयोजक विणा कुमारी सिंहले बताउनुभयो ।

दाइजो कम ल्याएको भन्दै कुटपिट गर्ने, थप दाइजो माग्दै निरन्तर मानसिक एवं शारीरिक यातना दिने, छोरा नजन्माएको भन्दै घरनिकाला गर्ने जस्ता समस्या अत्यधिक देखिएको प्रतिवेदनले देखाएको छ ।प्रतिवेदनले मधेश प्रदेशमा दाइजो प्रथाको गहिरो सामाजिक स्वीकार्यता नै हिंसा बढ्नुको मूल कारक रहेको उल्लेख गरेको छ ।

कानुनले दाइजो लिनदिन प्रतिबन्ध लगाए पनि परिवार तथा समाजकै मौन समर्थनले यो प्रथा अझै बलियो रूपमा जरा गाडेर बसेको निष्कर्ष निकालेको छ । परम्परागत सोच परिवर्तन गर्न, दाइजोको माग वा स्वीकृतिलाई सामाजिक रूपमा अस्वीकार्य बनाउन तथा दीर्घकालीन रूपमा महिलामाथि हुने हिंसा घटाउन निर्णायक भूमिका खेल्ने प्रतिवेदनको निष्कर्ष रहेको छ ।






# उखुको मूल्य ........

उत्पादक कृषक सङ्घ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहाले भन्नुभयो । उहाँका अनुसार मूल्य र अनुदानसमेत गर्दा गत वर्षभन्दा प्रतिक्विन्टल ७० ले बढेको छ । सरकारले सोमबार चिनी उद्योगले दिने मूल्य प्रतिक्विन्टल ६२० र सरकारले दिने अनुदान ७० गरी जम्मा प्रतिक्विन्टल ६९० निर्धारण गरेको छ ।

यतिबेला खुट्टी उखु (दोस्रो वर्षको बाली) चाँडै काटेर अन्य फसल समयमै लगाउन पर्ने दबाबले किसान अब चाँडै उद्योग सञ्चालन पर्खेर बसेका छन् । "अहिले हामीसँग मूल्यमा चित्त दुखाएर सरकारसँग निहुँ खोज्ने समय छैन, अब खुट्टी उखु काट्न ढिलाइ भए खेतबारी छ महिना बाँझै बस्ने चिन्ता छ", भङ्गाहा-४ का किसान अरुण गिरी भन्नुहुन्छ, "अब चाँडै उद्योग सञ्चालन होस् भन्ने हतारो छ ।" एकपटक लगाएर दुई वर्ष बाली लिन पाइने उखुको पहिलो वर्षको फसललाई 'मुडन' र दोस्रो वर्षको लाई 'खुट्टी' भनिन्छ । खुट्टी उखु काटेर पुस तेस्रो साताभित्र अन्य बाली लगाइ सक्नुपर्ने समयको दबाबमा अहिले आफूहरू रहेको गिरीको भनाइ छ ।

पुस तेस्रो साताभित्र अर्को बाली नलागे असारसम्म पर्खन पर्ने किसानको भनाइ छ । "अहिले बाली लगाउन नपाए खेतबारी रुखिन्छ, अनि जेठ, असारमा पर्ने पानी पर्खन पर्ने हुन्छ", बर्दिवास-९, पशुपनिगरका किसान रामविनोद महतोले भन्नुभयो, "यसैले अहिले खुट्टी उखु काट्ने हतारो परेको हो ।"

उखु किसान र यिनका प्रतिनिधिसंस्था उखु उत्पादक कृषक सङ्घ, उखु उत्पादक किसान महासङ्घले प्रत्येक वर्ष उखुको मूल्य निर्धारण कात्तिक मसान्तभित्र गरी सक्नुपर्ने र मङ्सिर दोस्रो साताभित्रै खुट्टी उखुको क्रसिङ खोल्नुपर्ने माग राख्दै आएका छन् । सरकारले सधैँजसो किसानलाई मूल्य मान्न बाध्य हुने बेला पारेर मूल्य निर्धारण गर्ने गरेको बर्दिवास-१२, बिजलपुराका किसान विश्वनाथ सिंह बताउनुहुन्छ ।

"सरकारले यसपाली उखुको मूल्य प्रतिक्विन्टल ३५ बढ्यो । अनुदान ७० दिने घोषणा गर्‍यो", उखु उत्पादक कृषक सङ्घ महोत्तरीका अध्यक्ष कुशवाहा भन्नुहुन्छ, "गत वर्षभन्दा यो निकै राम्रो हो ।" गतवर्ष उखुको मूल्य ५८५ प्रतिक्विन्टल र अनुदान सरकारले ३५ मात्र दिएको थियो ।

जिल्लाको गौशाला-१, रामनगर स्थित एभरेस्ट सुगर एन्ड केमिकल इण्डष्ट्रिज अझै सञ्चालनको सुरसारमा नहुँदा खुट्टी उखु काट्ने बेला घर्किन लागेको किसानको चिन्ता छ ।

उद्योगले अब मूल्य निर्धारणको पाटो टुङ्गिएको हुँदा चाँडै क्रसिङ थाल्ने तयारी गरिएको जनाएको छ । यसपालि क्रसिङ खोल्नुअघिको डोला पूजा (उपकरण पूजा) यही मङ्सिरभित्रै सम्पन्न गरेर पुस पहिलो साता क्रसिङ खोल्ने तयारी रहेको उद्योगले जनाएको छ । गत वर्ष मङ्सिर २६ गते नै उखु क्रसिङ थालेको उद्योगले यसपालि भने ढिलो गरेको छ ।

जिल्लामा यसपालि नौ हजार ६०० बिघामा उखु खेती गरिएको छ । जसमध्ये पाँच हजार बिघाको खुट्टी र चार हजार ६०० बिघाको मुडन रहेको उखु उत्पादक कृषक सङ्घका जिल्ला अध्यक्ष कुशवाहा बताउनुहुन्छ ।


-रासस

# सचिव दाहालको स्विकारोक्ती : बर्दिवासका संघ, संस्था अराजक र राजनीति अभिष्ट पूरा गर्ने थलो बने

**खबर दर्पण समाचारदाता**

**मंसीर २३ गते, बर्दिवास**





प्रेस विज्ञप्ति

बर्दिवास उद्योग वाणिज्य संघका सचिव शैलेश दाहालले नगर क्षेत्रमा रहेका सामुदायिक, सामाजिक संस्थाहरु अराजक बनेकोप्रती विज्ञप्ति मार्फत ध्यानाकर्षण जनाएका छन् ।

मंगलबार एक विज्ञप्ति जारी गर्दै सचिव दाहालले संघ, संस्थाहरु सामुहिक जिवनस्तर समृद्ध बनाउने अस्त्र हुँदाहुँदै समग्र सामाजिक रुपान्तरणमा नै बाधक बनेको आरोप लगाएका हुन ।

उनले आफ्नो संस्था बर्दिवास उद्योग वाणिज्य संघमा पनि राजनीतिकरण भएको दावी गरेका छन ।

उन्ले भनेका छन -'म आफैपनी बर्दिवास उधोग बाणिज्य संघको निर्वाचित सचिव हौ । सामुहिक स्वार्थ र रुपान्तरणका दृष्टिकोणले साझा भावना बोकेका हामी पदाधिकारीहरुमा नै देखिएको गम्भीर विचलनले उदेश्य प्राप्तिमा समस्या नै भएको म स्वयमले अनुभुती गरेको छु।झ प्रायः सवै संस्थाहरुमा दल विशेषको पहुँच स्थापित गर्न क्षमतावान र शिक्षित युवाहरुलाई पाखा लगाईएको उन्को गुनासो छ ।

अगाडि बढन नसक्नुमा पुरातन सोच र यथास्थितिमा रहेको संस्कार नै प्रधान भएको जिकिर गर्दै सामाजिक, सामुदायिक भावना बोक्ने संस्थाहरुले जागरण र यथास्थितिमा रहेको विकृत परिपाटीलाई चिर्न नसक्नु नै समिक्षा र सुधार गर्नुपर्ने गम्भीर विषय भएको सचिव दाहालले औंल्याएका छन ।

उन्ले पदिय कार्यभारलाई फराकिलो बनाउनुको सट्टा खुम्चने, सागुरो बन्ने र व्यक्तिगत स्वार्थमा प्रयोग गर्ने हतियार बनाएको पनि आरोप लगाएका छन् ।

नेतृत्वले कतै राजनैतिक भऱ्याङ्ग बनाउने त कतै सामाजिक एकतामा नै विग्रह सिर्जना गर्ने तितो यथार्थ रहेकोप्रती ध्यानाकर्षण जनाउदै खवरदारीको आवस्यक्तालाई शसक्त बनाउनुपर्छ भन्ने आत्माबोधले विज्ञप्ति निकाल्न बाध्य भएको सचिव दाहालले प्रष्ट बनाएका छन् ।

उद्योग वाणिज्य संघको सचिवको भुमिकाबाट राजिनामा समेत दिन तयार रहेको बताउदै सवै संघ, संस्थाहरुमा नयाँ संस्कार स्थापित गर्न र रुपान्तरणको दिशामा अगाडी बढन ध्यानाकर्षण उन्ले ध्यानाकर्षण जनाएका छन ।

# चुनावका लागि सहयोग गर्ने भारतको प्रतिबद्धता

**खबर दर्पण समाचारदाता**

**मंसीर २३ गते, बर्दिवास**

आउँदो प्रतिनिधिसभा सदस्य चुनाव सफलतापूर्वक सम्पन्न गर्न भारतले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

गृहमन्त्री ओमप्रकाश अर्यालसँग भारतीय विदेश मन्त्रालयका अतिरिक्त सचिव मुनु महावरले आज गर्नुभएको शिष्टाचार भेटमा महावरले चुनावका लागि आवश्यक स्रोत साधन र सुरक्षा बन्दोबस्तीका सामग्री सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको हो ।

भारतीय विदेश मन्त्रालयको उत्तर मामिला हेर्ने अतिरिक्त सचिव महावर नेपाल भ्रमणको सिलसिलामा अस्ति आइतवार काठमाण्डौ आउनुभएको हो । उहाँले जाजरकोटमा भूकम्पपछिको पुनर्निर्माण तथा विपद्बाट क्षति भएका संरचनाको पुनर्स्थापना र व्यवस्थापनमा सहयोग गर्ने प्रतिबद्धता पनि जनाउनुभएको गृहमन्त्रीको सचिवालयले जनाएको छ ।




भेटमा गृहमन्त्री अर्यालले कञ्चनपुरको दोधारा-चाँदनीमा निर्माणाधीन सुक्खा बन्दरगाहको कामलाई तीव्रता दिन आग्रह गर्नुभयो । सीमा क्षेत्रमा अपराधका घटना रोकथाम, चोरी तस्करी, अवैध वस्तुको ओसारपसार र आपराधिक गतिविधि नियन्त्रण गर्न दुवैतर्फका सीमा सुरक्षा सङ्गठनको क्षमता अभिवृद्धि र सूचना आदानप्रदान प्रभावकारी बनाउनुपर्नेमा गृहमन्त्री अर्यालले जोड दिनुभएको छ ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

खबर दर्पण
राष्ट्रिय दैनिक



# रोशनी झा हत्या काण्ड : किटानी आरोपित थप दुईजना पक्राउ, सिआईबीद्वारा तीव्र छानबिन सुरु

**खबर दर्पण समाचारदाता**
**मंसीर २३ गते, जनकपुरधाम**



जनकपुरधामकी रोशनी झाको मृत्यु प्रकरणलाई हत्या भएको भन्दै उठेको आन्दोलनबीच किटानी जाहेरीमा नाम रहेका थप दुई जनालाई धनुषा प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डीएसपी गणेशबहादुर बमका अनुसार जनकपुरधाम-३ देवान पोखरीका ४५ वर्षीय सच्चिन झा र उनका १५ वर्षीय छोरा -(नावालक रहेकोले नाम गोप्य) लाई मंगलबार पक्राउ गरिएको हो।

पीडित परिवारले दिएको किटानी जाहेरीपछि केन्द्रिय अनुसन्धान ब्यूरो (सिआईबी) ले छानबिन थालेलगत्तै केही घण्टामै उनीहरूलाई नियन्त्रणमा लिइएको प्रहरीको भनाइ छ।

यसअघि नै मृतक रोशनीका पति प्रशान्त मिश्र पक्राउ परि सकेका छन्। किटानी जाहेरी दर्ता भएको एक सातापछि मात्र प्रहरीले प्रशान्त मिश्रका भिनाजु र भान्जालाई पक्राउ गरेको थियो।

रोशनीकी आमा वेवी देवी झा, दाइ मनिष कुमार झा र माइजु रजनी झालगायतले पत्रकार सम्मेलनमार्फत सिआईबीद्वारा निष्पक्ष छानबिनको माग गरेपछि प्रहरीले सक्रियता बढाएको हो।

माग उठेको २४ घण्टा नबित्दै सिआईबीले रोशनी झा काण्डमा औपचारिक अनुसन्धान सुरु गरिसकेको प्रहरीले जनाएको छ।

रोशनीको मंसिर १२ गते रातिको मृत्युबारे माइतीपक्षले सामान्य मृत्यु नभई योजनाबद्ध हत्या भएको आरोप लगाउँदै निरन्तर आन्दोलन गर्दै आएका छन्। घटनापछि रोशनीको ससुरालीले कहिले भर्याङबाट लडेकी, कहिले आत्महत्या गरेकी भन्ने भिन्न भिन्न कथन दिएकोले शंका अझै गहिरिएको पीडित परिवारको दाबी छ।

रोशनीका श्रीमान् प्रशान्त मधेश प्रदेश नीति तथा योजना आयोगमा शाखा अधिकृतका रूपमा कार्यरत छन्। माईती पक्षका अनुसार विवाहका बेला ९ लाख रुपैयाँ दाइजो दिइएको र पछि घर निर्माणका बहानामा १५ लाख रुपैयाँ थप मागिएको थियो।

दुई नाबालक सन्तानकी आमा रोशनीको शंकास्पद मृत्यु महिला हिंसाविरुद्ध १६ दिने अभियानकै बीच परेकाले घटना देश विदेशमा चर्को आलोचना र सरोकार उत्पन्न भएको छ।

छानबिन सिआईबीमा पुगेसँगै रोशनी झा हत्या काण्ड अब निर्णायक मोडमा प्रवेश गरेको छ।

# धनुषा-३ मा कांग्रेसबाट निधिको एकल सिफारिस

**खबर दर्पण समाचारदाता**
**मंसीर २३ गते, जनकपुरधाम**



आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै नेपाली कांग्रेस धनुषा क्षेत्र नम्बर ३ ले पूर्वउपसभापति विमलेन्द्र निधिको एकल नाम सिफारिस गरेको छ।

क्षेत्रीय समिति र विस्तारित बैठक दुवैले सर्वसम्मत रूपमा निधिलाई क्षेत्रको प्रत्यक्षतर्फको उम्मेदवारका रूपमा अघि सारेपछि उनको उम्मेदवारी पार्टीभित्र लगभग सुनिश्चित भएको छ।

क्षेत्रीय सभापति धिरेन्द्रकुमार निधिका अनुसार क्षेत्रीय समितिको बैठकले सर्वसम्मत निर्णय गर्दै निधिको एकल नाम जिल्ला कार्यसमितिमा पठाइसकेको छ। 'धनुषा-३ बाट प्रतिनिधिसभा सदस्यका लागि विमलेन्द्र निधिजीको एकल नाम सिफारिस भएको छ,' सभापति निधिले भने।

यसअघि आइतबार बसेको नेपाली कांग्रेस धनुषा-३ को विस्तारित बैठकले पनि प्रत्यक्षतर्फका उम्मेदवारका लागि निधिलाई सर्वसम्मत सिफारिस गर्ने निर्णय गरेको थियो। उक्त बैठकमा स्थानीय नेतृत्वदेखि केन्द्रीय प्रतिनिधिसम्मको सक्रियता देखिएको थियो।

बैठकमा पूर्वसांसद स्मृतिनारायण चौधरी, प्रदेश सांसद रामसरोज यादव, जिल्ला सभापति योगेन्द्र पजियारसहित विभिन्न तहका नेताहरूले भाग लिएका थिए। सबैले निधिलाई आगामी निर्वाचनका लागि सबैभन्दा उपयुक्त र विजयी सम्भावना भएका उम्मेदवारका रूपमा प्रस्तुत गरिएको बैठकमा सहभागीहरूले बताएका छन्।

नेपाली कांग्रेस केन्द्रीय कार्यालयले केही दिनअघि नै सबै जिल्लालाई उम्मेदवार सिफारिसका लागि परिपत्र पठाएको थियो। सो परिपत्रअनुसार एक निर्वाचन क्षेत्रबाट प्रत्यक्षतर्फ अधिकतम तीन (एक महिला अनिवार्य) र समानुपातिकतर्फ अधिकतम दुई (एक महिला अनिवार्य) नाम सिफारिस गर्न भनिएको छ।






# औरही पालिकाद्वारा कमला पुल निर्माणका लागि एक करोड सहयोग

**खबर दर्पण समाचारदाता**
**मंसीर २३ गते, बर्दिवास**



सिराहा-धनुषा जोड्ने कमला नदीमा जनस्तरबाट पुल निर्माणका लागि सिरहाको औरही गाउँपालिकाले एक करोड सहयोग गरिने घोषणा गरेको छ ।

मधेश प्रदेशको जीवन रेखा मानिएको कमला नदीमा निर्माण भएको पुल सञ्चालनमा नआउँदै भासिएको चार वर्षपछि पुनर्निर्माणका लागि गाउँपालिका अध्यक्ष शिवजी यादवले एक करोड रकम दिने घोषणा गर्नुभएको हो ।

त्यसोत, हुलाकी सडक निर्माण अभियन्ता वरिष्ठ लेखक रामरिझन यादवले गत शनिबार जनस्तरबाट चन्दा सङ्कलन गरेर भए पनि पुल निर्माण अभियान सुरु गर्नुभएको छ ।

कुनै पहल नभएपछि जनस्तर बाटै पुल निर्माणको अभियान सुरु गर्न लागेको यादवले बताउनुभयो । उहाँले भन्नुभयो, “पुल निर्माणका लागि थप सहयोग जुटाउन विष्णुमहायज्ञ गर्ने तयारी समेत भइरहेको छ ।”

यहि मङ्सिर ५ गते ऊर्जा जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास मन्त्री कुलमान घिसिङले कमला पुलको निरीक्षण गर्नुभएको थियो । निरीक्षणका क्रममा तत्कालीन र दीर्घकालीन रुपमा समस्या समाधान गरिने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभएको थियो ।

उहाँले यही पुललाई मर्मत गर्न सकिन्छ कि अर्को पुल निर्माण गर्नुपर्ने हो यस विषयमा निष्कर्षमा पुगी समस्या समाधान गरिने विश्वास व्यक्त गर्नुभएको थियो । मन्त्री घिसिङलाई ध्यानाकर्षण पत्र बुझाउँदै अभियानी राम रिझन यादवले नेपाल सरकारले कुनै चासो नलिए जनस्तरबाट चन्दा सङ्कलन गरेर भए पनि पुल निर्माण गरिने अनुमति माग गर्नुभएको थियो ।

चार सय ७० मिटर लामो ११ मिटर चौडाइ साढे तीन वर्षभित्रै सम्पन्न गर्नेगरी २०६८ साल मङ्सिरमा २४ करोड ९१ लाखमा पप्पु विल्डर्स कन्स्ट्रक्शनले लिएको थियो । पटक पटक म्याद थप्दा पनि पुल निर्माण कार्य अघि नबढ्दा २०७५ सालमा हुलाकी मार्ग निर्माणका लागि वरिष्ठ लेखक रामरिझन यादवको नेतृत्वमा रिले अनसन गरेर दबाब सृजना गर्दा हुलाकी राजमार्ग निर्देशनालयले पप्पु कन्स्ट्रक्शनबाट ठेक्का तोडेर २०७६ असोज १ मा लुम्बिनी बिल्डर्स कन्ट्रकशनले सम्झौता गरेको थियो ।

२०७८ असार १३ गतेभित्र सम्पन्न गर्ने गरी भएको सम्झौता अनुसार काम तीव्र गतिमा अघि बढ्यो । काम सम्पन्न भएर उद्घाटन गर्न तयारी भइरहेको अवस्थामा २०७८ असार १७ गते आएको बाढीले पुलको पूर्वपटिको पाया भासिएको थियो । यस पश्चिमपटिको पायामा समेत असर परेको छ ।

# कंचन विच्छालाई सांसद पदबाट नहटाउन सर्वोच्चको आदेश




**खबर दर्पण समाचारदाता**
**मंसीर २३ गते, बर्दिवास**

सर्वोच्च अदालतले मधेस प्रदेश सभा सांसद कंचन विच्छालाई पदबाट नहटाउन अन्तरिम आदेश जारी गरेको छ।

न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासले मंगलबार विच्छालाई पदबाट नहटाउन अन्तरिम आदेश जारी गरेको हो।

राप्रपाकी सांसद विच्छा एमाले नेतृत्वको यसअघिको सरकारमा मन्त्री बनेकी थिइन्। पार्टी निर्णयबिना सरकारमा सहभागी भएको भन्दै राप्रपाले उनलाई स्पष्टीकरण सोधेर कारबाही गरेको थियो। अध्यक्ष राजेन्द्र लिङ्देनले विच्छालाई सरकारबाट फिर्ता आउन निर्देशन दिएका थिए।

राप्रपाले गरेको कारबाहीविरूद्ध विच्छाले सोमबार सर्वोच्चमा रिट दायर गरेकी थिइन्।

सर्वोच्चले मंगलबार यसबारे कारण देखाउ आदेश जारी गरेको हो।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनी दर्ता खारेजी गरिएको सुचना**

यस कार्यालयमा मिति २०६९/११/०४ मा दर्ता भएको प्रा.लि.नं. १०९७७२ को आदयिनक डाइङ एण्ड वासिङ प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०८२/०८/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कोरियन ब्युटी प्रोड्क्ट्स प्रयोग गरौं सधै जवान देखियौं ।**
**बर्दिवास क्षेत्रको लागि मार्केटिंग अफिसर सम्पर्क नं. - ९८०४८११३७५**
**साथै होम डेलिभरीको सुविधा छ।**




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,